# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## मर्जर प्रक्रियामा गुणात्मक फड्को : एन.आई.सी. बैंक र बैंक अफ एसिया मर्जरमा

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त बैंकहरू नेपाल इन्डष्ट्रियल एन्ड कमर्सियल (एन.आई.सी.) बैंक र बैंक अफ एसियाबीच मर्जर भई नयाँ वाणिज्य बैंक एनआईसी एसिया बैंक लि. स्थापना भएको छ । मुलुकमा बैंक तथा वित्तीय संस्थाको संख्या अधिक हुन गई ती संस्थामा विभिन्न समस्या देखिएको सन्दर्भमा सोको समाधानका लागि नेपाल राष्ट्र बैंकले ल्याएको मर्जर नीति अनुसार पहिलो पल्ट 'क' वर्गका वाणिज्य बैंक मर्जर भई यसले गति लिन थालेको हो । यस सँगै मुलुकमा 'क' वर्गका वाणिज्य बैंकको संख्या ३१ हुन पुगेको छ । असार १६ गते आयोजित एक समारोहमा गभर्नर डा. युवराज खतिवडाले सो बैंकको उद्घाटन गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले बैंकहरु मर्जर भई एकीकृत सेवा प्रारम्भ भएसँगै संस्था सबल एवम् स्वस्थ हुँदै गएको सन्देश दिनुपर्ने हुनुका साथै ठूलो बैंक भइसकेपछि नेपाल राष्ट्र बैंकले थप निगरानी राख्ने भएकाले जिम्मेवारी थपिएको बताउनुभयो । मर्जरका लागि नेपाल राष्ट्र बैंकले प्रेरित मात्र गरेको स्मरण गर्दै उहाँले स्वस्फूर्त रूपमा मर्जरमा जान सफल भएकोमा व्यवस्थापनलाई बधाई दिनुहुँदै बैंकका छुट्टाछुट्टै सफ्टवेयर, मानवस्रोत रहने भएकाले आन्तरिक धेरै प्रकारका समस्या भए पनि समाधान गर्न सकिने र मर्जरका लागि आगामी दिनमा राष्ट्र बैंकले सहयोग गर्दै जाने पनि जानकारी दिनुभयो । मर्जरको उद्देश्यका सम्बन्धमा चर्चा गर्दै उहाँले बलियो पुँजीगत आधार बनाउँदै, व्यावसायिकताको अभिवृद्धि, पारदर्शी र प्रतिष्पर्धी हुँदै बलियो संस्थाबाट कम लागतमा प्रभावकारी सेवा प्रवाह गर्न मर्जर आवश्यक रहेको स्पष्ट पार्नुभयो । राष्ट्र बैंकबाट प्रदत्त सेवा सुविधा उपयोग गर्नका लागि मर्जरमा जाने होइन भन्नुहुँदै गभर्नर खतिवडाले पुँजीले मात्र बैंक सुदृढ हुँदैन तर यसले सुरक्षा र विश्वास प्रदान गर्ने बताउनुभयो । बैंकहरुको पुँजी वृद्धि गरिने चर्चा भइरहेको सन्दर्भमा गभर्नर खतिवडाले यो विषय पनि बैंक तथा वित्तीय संस्थाको आफ्नै एजेन्डा भएको र राष्ट्र बैंकले यसलाई सहजीकरण गर्ने हो, जसका लागि सुझाव दिन उहाँले आग्रह गर्नुभयो ।

यसै सन्दर्भमा गभर्नर खतिवडाले बैंक तथा वित्तीय संस्थाबाट लिइने सेवाशुल्क पारदर्शी एवम् सुधार हुँदै जानुपर्ने आवश्यकता औंल्याउनु हुँदै आधार दरको प्रकाशन प्रारम्भ भएपछि बैंक तथा वित्तीय संस्थाले कर्जामा लिने व्याजदरमा केही सुधार भए पनि अझैं विविध व्याजदर कायम रहेको र त्यसमा सुधार गर्न आग्रह गर्नुभयो । बैंक तथा वित्तीय संस्थालाई संस्थागत सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्न आग्रह गर्दै उहाँले हरित बैंकिङ, वातावरण संरक्षण जस्ता पक्षलाई विचार गरी कर्जा प्रवाह गर्नु पर्ने बताउनुभयो । नेपालको अर्थतन्त्रबारे सङ्क्षिप्त प्रकाश पार्दै गभर्नर खतिवडाले अर्थतन्त्रका प्राय परिसूचक सामान्य रहेको तर अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा कमजोर भएकोमा नेपाल सरकारले दिने २/३ प्रतिशत सहुलियत भन्दा यसबाट सिर्जित अवसर सदुपयोग गर्दै निर्यात अभिवृद्धि गरी फाइदा लिन व्यवसायीलाई आग्रह गर्नुभयो ।

२०७० असार १६ गते, आइतवार

गभर्नरको कार्यालय